# प्राइभेट फर्म दर्ता ऐन, २०७६

*(सम्वत २०८१ साल कार्तिक मसान्तसम्म भएका संशोधन मिलाइएको)*

लुम्बिनी प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

राप्ति उपत्यका (देउखुरी), नेपाल।

# प्राइभेट फर्म दर्ता ऐन, २०७६

**प्रमाणीकरण र प्रकाशन मिति**

२०७६/०५/०४

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ — २०७८/०९/०१

सम्वत २०७६ सालको ऐन नं चौ.अ. ०४

## प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** व्यापार र उद्योग व्यवसाय गर्ने प्राइभेट फर्महरुको दर्ता, नियमन, सहजीकरण र तत्सम्बन्धी अन्य व्यवस्था गरी प्रदेशको आर्थिक समृद्धि र आम जनताको हित प्रवर्धन गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम **"प्राइभेट फर्म दर्ता ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-,

(क) **"अदालत"** भन्नाले प्रचलित कानून बमोजिम तोकिएको अदालतको वाणिज्य इजलास सम्झनु पर्छ ।

(ख) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधन गरिएको



moial.lumbini.gov.np

(ग) **"प्राइभेट फर्म"** भन्नाले निजी वा अन्य नामबाट कुनै एक व्यक्तिले उद्योग, व्यापार वा व्यवसाय गर्ने फर्म सम्झनु पर्छ ।

(घ) **"सम्बन्धित निकाय"** भन्नाले प्राइभेट फर्मको दर्ता, नियमन र सहजीकरण गर्नका लागि प्रदेश सरकारले तोकेको निकाय सम्झनु पर्छ ।

३. **दर्ता नगरी प्राइभेट फर्म खोल्न नहुने:** (१) यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम दर्ता नगराई कसैले पनि प्राइभेट फर्म खोल्न पाइने छैन ।

(२) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका फर्मले एक वर्ष भित्र सम्बन्धित निकायमा दर्ता अद्यावधिक गर्नु पर्नेछ ।

४. **प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनुपर्ने:** (१) कुनै प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले देहायको विवरण र तोकिएको दस्तूर सहित तोकिएको ढाँचामा सम्बन्धित निकाय समक्ष दरखास्त दिनुपर्नेछ-

(क) फर्मको नाम,

(ख) फर्मको ठेगाना, सम्पर्क नं. र इमेल,

(ग) फर्मको उद्देश्य तथा त्यसले कारोबार गर्ने वस्तु तथा सेवाको विवरण,

(घ) फर्मको धनीको नाम, ठेगाना तथा बाबु, आमा र बाजे, बज्यैको नाम,

(ङ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(च) तोकिए बमोजिमको अन्य विवरण।

(२) उपदफा (१) बमोजिम कसैको दरखास्त परेपछि सम्बन्धित निकायले सात दिन भित्र तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी फर्म

दर्ता गर्न मनासिब देखेमा तोकिए बमोजिमको दर्ता किताबमा त्यस्तो फर्म दर्ता गरी तोकिएको ढाँचाको प्रमाणपत्र दरखास्तवालालाई दिनुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्तिको नाममा समान उद्देश्य भएको एक भन्दा बढी वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता गरिने छैन,

तर, सोही उद्देश्यको लागि वाणिज्य सम्बन्धी प्राइभेट फर्मको शाखा खोली सञ्चालन गर्न पाईने छ ।

(४) उपदफा (१) बमोजिम दरखास्त जाँचबुझ गर्दा प्राइभेट फर्म दर्ता गर्न नसकिने भएमा सम्बन्धित निकायले सात दिन भित्र सो को कारण सहितको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनु पर्नेछ ।

**५.** **प्राइभेट फर्मको प्रमाणपत्रको अवधि र नवीकरणः** (१) यो ऐन बमोजिम दर्ता र अद्यावधिक भएका प्राइभेट फर्मको प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) यो दफा प्रारम्भ हुनु अघि कुनै कारणवस नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका फर्म भए जतिसुकै अवधि व्यतित भएको भए तापनि एक पटकका लागि यो ऐन प्रारम्भ भएको मितिले *तीन वर्ष भित्र तोकिए बमोजिम शुल्क बुझाई नवीकरण गर्न सकिने छ।

+(३) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नहुने प्राइभेट फर्म स्वतः खारेज हुनेछ र त्यस्तो फर्मले बुझाउनु पर्ने बाँकी

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधन गरिएको

+ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा थपिएको

रकम सरकारी बाँकी सरह त्यस्तो फर्मको फर्मधनीबाट असुल उपर गरिनेछ।

६. **स्थानीय तहमा प्राइभेट फर्म दर्ताः** स्थानीय तहमा प्राइभेट फर्मको दर्ता, नवीकरण र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **अनुमति वा इजाजतपत्र लिनुपर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएको कुनै फर्मले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई आफ्नो व्यवसाय शुरु गर्न सक्ने छैन र यस ऐन बमोजिम प्राइभेट फर्म दर्ता भएकै आधारमा त्यस्तो व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त गरेको मानिने छैन।

८. **विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनुपर्नेः** दफा ४ को उपदफा (१) बमोजिमको विवरणमा कुनै हेरफेर गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **कानूनी मान्यता नपाउनेः** यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम दर्ता नगरी प्राइभेट फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कारोबारले कानूनी मान्यता पाउने छैन।

१०. **सम्बन्धित निकायले विवरण माग गर्न सक्नेः** (१) यो ऐन बमोजिम दर्ता भएको कुनै प्राइभेट फर्मसँग सम्बन्धित निकायले आवश्यक विवरण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण तोकिएको समय भित्र पेश गर्नु त्यस्तो प्राइभेट फर्मको कर्तव्य हुनेछ ।

molajumini.gov.np

**११. प्राइभेट फर्म खारेज गर्न सकिने:**(१)देहायको अवस्थामा सम्बन्धित निकायले प्राइभेट फर्म खारेज गर्न सक्नेछ:-

(क) तोकिएको अवधि भित्र नवीकरण नगराएमा,

(ख) फर्मको धनीले मनासिब कारण दर्शाई आफनो फर्म खारेज गरी पाउँ भनी सम्बन्धित निकायमा निवेदन दिएमा,

(ग) दफा ४ को उपदफा (३) को विपरीत हुने गरी कुनै कुरा ढाँटी फर्म दर्ता गरेको ठहरिएमा,

(घ) सम्बन्धित निकायले माग गरेको दफा १० बमोजिमको विवरण तोकिएको अवधि भित्र पेश नगरेमा,

(ङ) उद्योग सम्बन्धी प्राइभेट फर्मले सम्बन्धित निकायलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(च) उद्योग सम्बन्धी फर्मले इजाजतको शर्त बमोजिम उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशिनरी औजार वा उपकरण खरीद गरेको वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित निकायमा पेश नगरेमा, वा

(छ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा,

(२) उपदफा (१) खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम सम्बन्धित निकायले फर्म खारेज गर्नु अघि सफाईको उचित अवसर दिनु पर्नेछ।

moial.lumbini.gov.np

(३) उपदफा (१) बमोजिम सम्बन्धित निकायबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को प्राइभेट फर्म दर्ता गरिने छैन।

१२. **<u>जरिवाना हुने:</u>** (१) यो ऐन बमोजिम दर्ता नगराई खोलिएको फर्मको धनीलाई सम्बन्धित निकायको प्रमुखले पाँचहजार देखि दशहजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ र सोही कसुर पुनः दोहोरिएमा पटकै पिच्छे शुरुमा हुने जरिवानामा थप दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(२) दफा ४ बमोजिम दरखास्त दिँदा झुट्टा विवरण दाखिल गर्ने वा दफा १० को उपदफा (२) बमोजिम विवरण पेश नगर्ने वा झुट्टा विवरण पेश गर्ने फर्मको धनीलाई सम्बन्धित निकायको प्रमुखले पन्ध्र हजार रुपैयाँ देखी पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) यो दफा बमोजिम सम्बन्धित निकायले गरेको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले सो गरे भएको सूचना पाएको मितिले पैंतीस (३५) दिनभित्र सम्बन्धित निकाय उपर अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१३. **<u>नियम बनाउने अधिकारः</u>** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१४. **<u>बचाउः</u>** यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम भए गरेका काम यसै ऐन बमोजिम भए गरेको मानिने छ।

moial.lumbini.gov.np